# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाण्डौ

मिति: २०७३/०९/१३ गते

# प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

-------------------------------------------------------

जिल्ला बाँके, नेपालगंज उपमहानगरपालिका, वडा समितिको कार्यालय, वडा नम्बर २६ मा वडा सचिवका रुपमा कार्यरत धर्मेन्द्र श्रीवास्तवले नक्कली रसिद काटी नेपालगंज उपमहानगरपालिका कार्यालयको रसिदमा कम रकम देखाई राजश्व छलि गरी भ्रष्टचार गरेकोले छानविन गरीपाऊँ भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा, नेपालगंज उपमहानगरपालिका, वडा समितिको कार्यालय, वडा नम्बर २६ मा राजश्व संकलन गर्ने कर्तव्य भएका राष्ट्रसेवक वडा सचिव धर्मेन्द्र श्रीवास्तवले वदनियतसाथ कार्यालयबाट बुझेको रसिद नम्बरहरुसंग मेल खाने गरी दोहोरो नम्बरहरु राखी रसिदहरु छपाई गरी उक्त रसिदहरु प्रयोगमा ल्याई राजश्व संकलन गरी बैंक एवं कार्यालयमा राजश्व रकम समेत दाखिला नगर्ने नगराउने कार्य गरी नेपाल सरकार, तत्कालिन मनिकपुर गा.वि.स र नेपालगंज उपमहानगरपालिका कार्यालयलाई हानि नोक्सानी पुऱ्याउने कार्य गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७, दफा ७(क), दफा ७(ग) र दफा ३ बमोजिमको कसुर गरेको पुष्टी हुन आएको हुँदा निज वडा सचिव धर्मेन्द्र श्रीवास्तवलाई नक्कली रसिदबाट उठाईएको राजश्व रकम रु ११,२००।- (एघार हजार दुई सय) विगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ बमोजिम राजश्व रकमको दोब्बर जरिवाना हुन र सोही दफा ७ ले निर्देश गरे बमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा(१) को देहाय (क) बमोजिम दण्ड सजाय हुन मागदावि लिई आज विशेष अदालत काठमाण्डौमा आरोप-पत्र दायर गरिएको छ ।

(गणेश राज कार्की)
सह-सचिव एवं प्रवक्ता